# रामनगर गाउँपालिकाको प्रथम गाउँसभामा आर्थिक वर्ष २०७४/०७५ को लागी गाउँपालिका अध्यक्ष श्री कृष्ण प्रसाद वर्माद्वारा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट

रामनगर गाउँपालिकाको प्रथम गाउँसभाका प्रमुख अतिथि विधायक श्री विरेन्द्र प्रसाद सिंहज्यू, विशिष्ट अतिथि माननीय सांसदज्यूहरु, विभिन्न राजनिति दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू, श्रीमान् स्थानीय विकास अधिकारीज्यू, सुरक्षा तहका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, कार्यालय प्रमुखज्यूहरु, आमन्त्रित नागरिक समाज, विभिन्न संघसंस्था तथा गैर सरकारी संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, उद्योगी, व्यापारी एवम् बौद्धिक क्षेत्रका व्यक्तित्वहरु, संचारकर्मि मित्रहरु, उपस्थित महिला तथा सज्जनवृन्द र आदरणीय महानुभावहरुमा सर्वप्रथम गाउँपालिका र म स्वयंको तर्फबाट हार्दिक आभार प्रकट गर्दै स्वागत गर्दछु ।

प्रथम गाउँसभाको यस विशेष अवसरमा नेपालको सार्वभौमिकता, राष्ट्रिय अखण्डता, स्वाधिनता र संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि प्राण उत्सर्ग गर्ने सम्पूर्ण महान ज्ञात-अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जलि अर्पण गर्दै जन आन्दोलन तथा मधेस आन्दोलनका शहिद, घाईते तथा योद्धाहरु प्रति सम्मान व्यक्त गर्दछु ।

१) सर्लाही जिल्लाको जिल्ला सदरमुकाम देखि २५ कि.मि. पश्चिम वागमति नदीको पुर्वी तटमा अवस्थित रामनगर गाउँपलिकाको आफ्नै किसिमको मौलिकता, विशेषता, पहिचान र ऐतिहासिक पृष्ठभुमि रहेको छ । रामनगर गाउँपालिकाले गाउँको सर्वोत्तोमुखि विकासका लागि विभिन्न चरणहरु पार गर्दै सु-संस्कृत, आधुनिक, स्वच्छ , सुन्दर र सक्षम गाउँको रुपमा स्थापित गर्न बहुआयामिक र दिगो विकासको माध्यमद्वारा स्थानीय पूर्वाधार विकास, लैङ्गीक मूलप्रवाहीकरण, सामाजिक सशक्तिकरण र विकासको मूल प्रवाहमा समाहित हुन नसकेका समुदायको सबलीकरण गर्दै गाउँको विकास अभियानलाई अगाडि बढाउँदै आएको कुरा सर्वविदितै छ ।

२) आज हामी रामनगर गाउँपालिकाको प्रथम गाउँसभामा उपस्थित भएका छौं र यस गरिमामय सभामा यहाँहरु समक्ष आर्थिक वर्ष २०७४/०७५ को बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म र रामनगर गाउँपालिका परिवारलाई नै गर्व महसुस भईरहेको छ ।

३) जनताहरुको सिधा-प्रत्यक्ष सम्बन्ध रहेको संस्था नै स्थानीय तह (सरकार) हो । स्थानीयतहबाट प्रवाह गरिने सेवामा सरलता, विकास निर्माणका कार्यलाई गुणस्तरीयता एवं नतिजामुखि वनाई र स्थानीय शासन प्रक्रियालाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी, समावेशी र सहभागितामूलक बनाउने कुरालाई बजेटले उच्च प्राथमिकता दिएको छ । उपलब्ध श्रोत र साधनको उच्चतम परिचालनबाट भौतिक विकासका साथै गाउँपालिकाबाट प्रदान गरिने सेवा र सुविधामा कुनै कमी/कमजोरी नहोस् भन्ने कुरामा सिङ्गो गाउँपालिका सदैव सचेत रहनेछ ।

४) यसलाई दृष्टिगत गरी प्रस्तुत नीति, कार्यक्रम तथा बजेट, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय तह श्रोत परिचालन तथा व्यवस्थापन लगायत न्यूनतम शर्त तथा सम्पादन, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय एवं राष्ट्रिय योजना आयोगको मार्गदर्शन र निर्देशन तथा नेपाल सरकारबाट समय-समयमा जारी भएका नीतिगत मार्गदर्शनको सीमा भित्र रही तयार गरिएको छ ।

५) प्रस्तुत बजेटमा विषय र क्षेत्रगत गुरुयोजनाको कार्यान्वयन, गरिबी न्यूनिकरण, सरसफाई तथा फोहोर व्यवस्थापन, सडक सुधार तथा ढल निर्माण, विद्युतीकरण, सार्वजनिक पार्कको व्यवस्था, हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षण र पर्यटन पुर्वाधारको विकास जस्ता योजना तथा कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिएको छ ।

६) देशमा उत्पन्न विशिष्ट राजनैतिक अवस्थाले गर्दा विगत लामो समय देखि स्थानीय तहहरूमा जनप्रतिनिधिहरूको रिक्तता रहेको थियो । यस्तो विषम परिस्थितिमा स्थानीयतहमा सेवा प्रवाहको सुनिश्चितता र पूर्वाधार विकास निर्माणको कार्यमा गति प्रदान गर्ने कार्यहरु चुनौतिपूर्ण हुनु स्वभाविक नै हो । यस्तो परिस्थितिमा राजनैतिक दलहरुको विकासप्रतिको साझा सहमति, अभिरुचि एवं दलहरुको मार्गदर्शन, समन्वयकारी भूमिका र सहयोग अविछिन्न रूपमा प्राप्त भैरहनेछ भन्ने कुरामा विश्वस्त छु ।

७) रामनगर गाउँपालिकाले लोकतन्त्रको सुदृढिकरण, लोकतन्त्रका लाभहरूको न्यायोचित वितरण, लैंगिक समानता र समावेशी विकास तथा वञ्चितिकरणमा परेका समुदायको सबलीकरण मार्फत गाउँको सर्वोत्तममुखी विकासलाई अगाडि बढाउने प्रयत्न गरिनेछ ।

८) यस पृष्ठभूमिमा आर्थिक वर्ष ०७४/७५ को बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय जनसहभागिता, सामाजिक समावेशीकरणको माध्यमद्वारा समुदायको सशक्तिकरण, गरिबी न्यूनीकरण, आधारभुत स्वास्थ्य सेवाको पहुँचमा विस्तार,

स्थानीय पूर्वाधारसेवाको विस्तार, सेवा प्रवाहमा सरलीकरण, सुशासन पारदर्शिता र जवाफदेहिता एवं सूचना मैत्री विकास प्रशासनलाई उच्च प्राथमिकता दिईएको छ ।

९) गाउँक्षेत्रको स्थानीय पूर्वाधार एवं आर्थिक सामाजिक विकासमा पछि परेका वडाहरुमा गाउँस्तरिय यातायात गुरुयोजना, शहरी विकास आवास गुरुयोजना अनुसार सडक तथा नाला निर्माण, सौर्यबत्ति जडान लगायतका पूर्वाधार विकासका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरिएको छ ।

१०) रामनगर गाउँपालिकाले आयोजनाहरु संचालन गर्दा आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाईन, ड्रईङ्ग, लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन, सुपरिवेक्षण, अनुगमन, मुल्याङकन, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन जस्ता विषयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइएको छ ।

११) त्यस्तै योजना तर्जुमा र कार्यान्वयन गर्दा प्रत्येक वडाभेलाहरुबाट प्राथमिकताको आधारमा सिफारिस भई आएका र एकीकृत योजना तर्जुमा समितिवाट प्राथमिकिकरणमा राखि छनौट भएका कार्यक्रम तथा योजनाहरुलाई उपलब्ध श्रोतसाधन र स्थानीय आवश्यकताको अनुसार कार्यान्वयन गरिनेछ ।

१२) "स्थानीय कर स्थानीय विकासको लागि गाउँको सेवा तपाई करदाताको लागि" भन्ने मूल ध्येयकासाथ कर संकलन र करदाता वृद्धि कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । यसका लागि करदाता मैत्री  प्रशासनमा जोड दिई सचेतना कार्यक्रम, सूचना सम्प्रेषण, करदाता घरदैलो कार्यक्रम र करदाता मैत्री व्यवहारको विकासमा जोड दिइनेछ । यस्ता कार्यक्रम सञ्चालन गर्दा सम्पूर्ण गाउँवासीहरुको तर्फवाट सद्भाव र सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

१३) यस गाउँपालिकाको भौतिक तथा सामाजिक पूर्वाधार विकास, गाउँको ढल निकास तथा सडक निर्माण तथा सुधार का साथै फोहोरमैला व्यवस्थापन र वातावरण संरक्षणका निम्ति ल्याण्डफिल्ड साइट र जैविकमल उत्पादन केन्द्रको स्थापना जस्तायोजना तथा कार्यक्रमलाई अगाडि बढाइने छ । यसको सफल कार्यान्वयनबाट रामनगर गाउँपालिकाक्षेत्रमा हुने डुवान, फोहोरमैला तथा ढल निकास जस्ता समस्याहरुको दिर्घकालिन सामाधान हुने विश्वास लिएको छु । यस आयोजना संचालनको लागि गाउँपालिकाले समपूरक कोषको लागि ठूलो रकम व्यहोर्नुपर्ने हुन्छ । उक्त कार्य थप चुनौतिपूर्ण रहेकोछ । तथापि गाउँपालिकाले आन्तरिक श्रोतको सम्भाव्यता अध्ययन गरी कर, शुल्क र दस्तुर असुली तर्फ योजनावद्ध कार्यलाई अगाडि बढाइरहेकोले सो उद्धेश्य प्राप्त गर्न सक्ने विश्वास लिइएको छ । यस कार्यमा गाउँवासीको पुर्ण सहयोगको अपेक्षागरेको छु ।

१४) रामनगर गाउँक्षेत्रमा योजना तथा कार्यक्रम संचालनमा महिला, बालबालिका, आदिवासी जनजाति, आर्थिक तथा सामाजिक रुपमा पिछडिएका वर्ग तथा क्षेत्र, जेष्ठ नागरिक, दलित, फरक क्षमता भएका व्यक्तिहरु, मधेशी, मुस्लिम तथा पिछडा वर्ग, लैंगिक अल्पसंख्यक आदिको विकास र उत्थानका निम्ति विशेषजोड दिईएकोले प्रस्तुतबजेट सो लक्ष्य प्राप्तिमा समेत उपयोगी सिद्ध हुने विश्वास लिएको छु ।

उपस्थित महानुभावहरु, अब म आर्थिक वर्ष २०७४/०७५मा लिएका लक्ष्य, उद्देश्य तथा प्राथमिकताका बारे प्रकाश पार्न चाहन्छु ।

**लक्ष्य**

बृहत्तर रामनगरको अवधारणालाई साकार पार्न अल्पकालिन तथा दिर्घकालिन विकासका योजनाहरु मार्फत स्वस्थ्य, स्वच्छ र सुन्दर रामनगर गाउँपालिका" निर्माण गर्ने ।

**उद्देश्य**

१. दिगो स्थानीय पूर्वाधार विकासको माध्यमद्वारा गाउँपालिकालाई आधुनिक र सुविधायुक्त बनाउने ।

२. सङ्घिय संरचना र समावेशी लोकतन्त्रको अवधारणा अनुरुप सामाजिक एवं आर्थिक रुपमा पछाडी परेका महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएको व्यक्ति, जेष्ठ नागरिक तथा पिछडिएको क्षेत्रको विपन्न वर्ग र समुदायलाई समन्यायिक तथा समावेशीकरणका माध्यमबाट सशक्तिकरण गरि उपलव्ध श्रोत साधनमा पहुँच अभिवृद्धि गर्ने ।

३. आधुनिक तथा स्थानीय सिप र प्रविधिको उपयोग गर्दै वातावरण मैत्रीशासन पद्धतिको अवलम्बन गरि गाउँपालिकालाई स्वच्छ सुन्दर र हराभरा बनाउने ।

४. योजनाहरु संचालनमा सरकारी, गैर सरकारी र सामुदायिक संस्था तथा उपभोक्ता समिति एवं सरोकारवाला तहहरुको भूमिका स्पष्ट गर्दै स्थानीय शासन र विकास प्रक्रियामा उत्तरदायी र जवाफदेही बनाउने ।

५. जनसहभागितालाई अभिवृद्धि गर्दै समुदायको सशक्तिकरण र क्षमता विकास गरि लक्षित वर्ग उन्मुख कार्यक्रम मार्फत गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउने ।

६. आधारभूत सेवाको पहुँच नपुगेका वडाहरुमा आधारभूत सेवाको विस्तार र विकास गर्दै सघन विकास कार्यक्रमसँग आबद्ध गर्ने ।

७. गाउँपालिका क्षेत्रमा पर्यटन पूर्वाधारको विकास एवं ऐतिहासिक, धार्मिक तथा

सांस्कृतिक मठ, मन्दिरहरुको, संरक्षण र विकास गरि आन्तिरिक र बाह्य पर्यटनको प्रर्वद्धन गर्ने ।

८. कर प्रशासनलाई चुस्त, पारदर्शि र प्रविधि मैत्री बनाउँदै राजश्वका नयाँ क्षेत्रको पहिचान र करको दायरा विस्तार गरि राजश्व अभिवृद्धि गर्दै आत्मनिर्भर बन्ने ।

९. सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुसार पूर्वाधार विकास, फोहोरमैला व्यवस्थापन जस्ता कार्यहरुमा लाभ, लागत र जोखिममा साझेदारी हुने गरि योजनातथा कार्यक्रम सञ्चालन गर्ने ।

१०. योजना तथा कार्यक्रमहरुको गुणस्तरियता सुनिश्चित गर्न अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी बनाउने ।

**प्राथमिकता**

१. स्थानीय पूर्वाधार विकास ( सडक, नाला तथा ढल, खानेपानी, विद्युत आदि ) को विकास र विस्तार ।

२. वातावरण संरक्षण, हरियाली प्रवर्द्धन, ढल तथा नालाको प्रबन्ध, फोहोर मैलाको उचित व्यवस्थापन,

३. लैंगिक विकास र सामाजिक समावेशिकरणको माध्यमबाट लक्षित वर्ग उन्मुख कार्यक्रम ।

४. स्थानीय सुशासनको लागि पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको प्रवर्द्धन तथा सेवा सुविधाको प्रभावकारी वितरण ।

५. लैङ्गीकमैत्री, बालमैत्री तथा वातावरणमैत्री स्थानीय शासनको प्रवर्द्धन ।

६. सीप विकास, रोजगारमुलक कार्यक्रमको प्रवर्द्धन तथा गरिबी न्यूनीकरण ।

७. पारदर्शि, करदातामैत्री एवं तथा सूचना प्रविधिमा आधारित कर प्रशासन मार्फत आन्तरिक राजश्वको अभिवृद्धि ।

८. आधारभूत स्वास्थ्य सेवाको विस्तार र पोषण कार्यक्रम ।

९. स्थानीय पर्यटन पूर्वाधारको विकास, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक मठमन्दिर, जस्ता धरोहरको संरक्षण र विकास ।

१०. सौर्यबत्तीको विस्तार, सडक वती सुधार तथा विद्युतिकरण कार्यक्रम ।

११. भवन निर्माण संहिताको कार्यान्वयनमा जोड तथा नयाँप्रविधियुक्त भूपम्प प्रतिरोधी भवन निर्माणमा उच्च प्राथमिकता र प्रोत्साहन ।

उपस्थित महानुभावहरु,

अब म आर्थिक वर्ष २०७४/०७५ को लागि लिईएका प्रमुख नीति तथा कार्यक्रमका बारेमा प्रकाश पार्न गईरहेको छु ।

१. आधारभूत पूर्वाधार विकासमा जोड दिदै सडक, नाला तथा ढल, खानेपानी, विद्युत जस्ता पूर्वाधार विकासमा जोड दिइनेछ ।
२. सार्वजनिक पर्ती जग्गाहरुको डिजिटल अभिलेख तयार गरी गाउँपालिकाक्षेत्र भित्रका सार्वजनिक पर्ती जग्गाहरुको संरक्षण गर्ने ती क्षेत्रहरुको अधिकतम उपयोग गर्न खेलकुद मैदान, मनोरञ्जनात्मक पार्क, अस्पताल, व्यवसायिक पूर्वाधार जस्ता योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
३. रामनगर गाउँपालिकाक्षेत्रभित्र रहेका ऐतिहाँसिक, धार्मिक तथा सांस्कृतिक धरोहरहरुको संरक्षण सम्वर्द्धन गरिनेछ ।
४. गाउँपालिकाक्षेत्र भित्र जग्गा प्लटिङ्ग गर्दा अनिवार्य रुपमा पूर्व स्वीकृति लिनु पर्नेछ । गाउँपालिकाको स्वीकृति बिना प्लटीङ्गको जग्गा बिक्री भएमा त्यस्ता स्थानहरुमा बन्ने भवनहरुको नक्शा पास नगरिने र सो क्षेत्रमा पूर्वाधार विकासको कुनै कार्य गरिने छैन ।
५. विश्वसनीय र गुणस्तरयुक्त लेखा परिक्षणको माध्यमबाट वित्तीय सुशासन कायम गर्न आन्तरिक लेखा परिक्षणको कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
६. कर, शुल्क र दस्तुरको नयाँक्षेत्र समेत पहिचान गरी करको दायरा फराकिलो बनाउँदै लगिने छ ।
७. रामनगर गाउँपालिकाको आय-आर्जनका निमित्त व्यवसाय कर, बहाल कर एवं विज्ञापन करलाई आउट सोर्सिङको माध्यमबाट आम्दानीमा वृद्धि गर्ने नीति लिइएको छ ।
८. प्रचलित ऐन, नियमको प्रभावकारी कार्यान्वयन गरी सुव्यवस्था कायम गर्न वार्षिक कार्ययोजना तर्जुमा गरी जनचेतना अभिवृद्धिका कार्यक्रम, फोहोरमैला व्यवस्थापन, सडक पेटी अतिक्रमण नियन्त्रण गरिनेछ ।
९. रामनगर गाउँपालिकाको सूचना केन्द्रलाई सुदृढ र प्रभावकारी बनाउन सूचनाकेन्द्रको स्थापना गरिनेछ । सबै किसिमका तथ्याङ्क एकीकृत रुपमा उपयोग गर्न एकीकृत तथ्याङ्क प्रणाली लागु गरिनेछ । रामनगर गाउँपालिकाको वेभसाइटमा गाउँपालिकाको सबै सूचनाहरु अद्यावधिक गरी राख्ने व्यवस्था मिलाइनेछ ।
१०. उपभोक्ताहरुको हित संरक्षणका लागि खाद्य पदार्थमा गुणस्तर कायम गर्न, खाद्य मिसावट नियन्त्रण गर्ने, मासुजन्य पदार्थको बिंक्री वितरणलाई व्यवस्थित गर्ने, स्वास्थ्य क्षेत्रमा हैजा, डेंगु, मलेरिया जस्ता महामारी नियन्त्रणका लागि स्वास्थ्यकर्मीहरुलाई परिचालन र सक्रिय बनाइनेछ ।
११. गाउँ प्रोफाईल व्यवस्थित गर्न प्रत्येक वडाको वडा प्रोफाईल तयार गर्ने, श्रोत नक्सा तयार गर्ने, विपन्न वर्गको पहिचान, गरिबी नक्साङ्कन (Poverty Mapping)

गर्ने जस्ता कार्यलाई यसै वर्षदेखि सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

१२. युवा वर्गको क्षमता विकास गर्दै उद्यमशील, सक्षम, सुसंस्कृत एवं क्षमतावान बनाई विकास निर्माणमा सहभागी गराउने नीति लिईनेछ । खेर गईरहेको युवा शक्तिलाई गाउँ विकासको मूलधारमा ल्याउन आवश्यक रणनीति तय गरिनेछ ।

१३. घर तथा सार्वजनिक निर्माण कार्य गर्दा सडक तर्फको सेड व्याकमा भएको अनियमितता र सार्वजनिक सम्पति अतिक्रमण नियन्त्रण गर्न स्वीकृत नक्सा बमोजिम निर्माण कार्य गर्न गराउन यसै अर्थिक वर्ष देखि लागु हुने गरि स्वीकृति प्राप्त भवनहरुको निर्माण गर्दा यस कार्यालयका प्राविधिक बाट अनिवार्य 'ले आउट' गराएर मात्र निर्माण कार्य गर्ने व्यवस्था गरिने छ ।

१४. बालबालिकाहरुको नैसर्गिक अधिकार सुनिश्चित गर्दै बालबालिकाहरुको विकाससँग सम्बन्धित सूचक सहितको वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । वालश्रम न्यूनीकरणका कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।

१५. रामनगर गाउँपालिकाले सूचना र पारदर्शितालाई सुनिश्चित गर्दै कार्यालयबाट गरिने सम्पूर्ण कार्यलाई जिम्मेवारी र जवाफदेही बनाईनेछ ।

१६. गाउँपालिकाबाट प्रदान सेवा सुविधा तथा आर्थिक सामाजिक विकासका गतिविधिलाई सर्वसाधारणका जानकारिकालागि सूचना तथा संप्रेसण गर्न पत्रकार महासंघसंग समन्वय गरि संचार तथा विज्ञापन नीति तयार गरि लागु गरिनेछ ।

१७. सार्वजनिकस्थान, सडक, बाटो-पेटी, बजारछेऊ जस्ता स्थलहरुमा फोहोर फाल्ने कार्यलाई कडाईका साथ नियन्त्रण गरि यस्तो कार्य गर्नेलाई दण्डीत गरिनेछ ।

१८. विकास निर्माणको कार्यलाई तोकिएको समयमा निर्धारित मापदण्ड र गुणस्तर बमोजिम सम्पन्न गर्न प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।

१९. गाउँपालिकाक्षेत्रका सार्वजनिक स्थल र बजारमा सार्वजनिक शौचालयको निर्माण गर्ने कार्य गरिनेछ ।

२०. रामनगर गाउँपालिका क्षेत्रलाई खुला दिशा मुक्त क्षेत्र घोषण गर्न ODF घोषण गरिसकेको गाउँपालिका वडाहरुका आवश्यक स्थानहरुमा सार्वजनिक शौचालयको निर्माण गर्ने र बाँकी वडाहरुका सबै घर परिवारमा शौचालय निर्माण गर्न लगाई गाउँपालिकालाई (ODF) खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरिनेछ ।

२१. गाउँपालिका क्षेत्रमा आधारभुत स्वास्थ्य सेवाको पहुँचमा विस्तार गर्न जिल्ला स्वास्थ्य कार्यालय तथा अस्पतालहरु सँग समन्वय गरि गाउँ/घर क्लिनिक जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै गाउँ क्षेत्र भित्रका ५ वर्ष मुनिका

बालबालिकालाई दिनुपर्ने सबै खोप दिलाई पूर्ण खोप प्राप्त गाउँको रुपमा घोषण गरिनेछ ।

२२. यस गाउँपालिकालाई पूर्ण साक्षर गाउँको रुपमा घोषणा गर्ने कार्य अभियानको रुपमा सञ्चालन गरिनेछ ।

२३. आफ्नो घर आफ्नो सडक भन्ने मुल नाराका साथ आफ्नो घर-पसलबाट निस्केको फोहोरलाई घर/पसलबाटै छुट्टयाई व्यवस्थापन गर्न घर दैलो कार्यक्रमलाई टोलसुधार समिति मार्फत अभियानको रुपमा सञ्चालन गरिनेछ । घर तथा पसलबाट निस्कने फोहोरलाई सडकमा फाल्ने कार्यलाई पुर्णरुपमा बन्द गरि सडक तथा सार्वजनिक स्थललाई स्वच्छ तथा सफा राखिनेछ ।

२४. सबै बालबालिकाको खेल्ने तथा मनोरञ्जन गर्न पाउने नैसर्गीक अधिकारको सुनिश्चिता गर्न सबै उमेर र समूहका बालबालिकाहरुले खेल्ने सक्नेगरी समावेशी बाल उद्यान (Inclusive children Park) को निर्माण विभिन्न संघ संस्थाहरुको सहयोगमा यसै आ.व.मा थालनि गरिनेछ ।

२५. महिला, बालबालिका, पिछडिएका क्षेत्र र वर्गका समुदायका लागि सुत्रमा आधारित बजेट विनियोजन गरि आर्थिक तथा सामाजिक विकास सम्बन्धि सीप तथा क्षमता विकास र रोजगारी प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. सम्भाव्य प्राकृतिक प्रकोप भुकम्प, आगलागि, बाढि तथा नदि कटान, शीतलहरबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गरि जनधनको नोक्सानी हुन नदिन अन्यसरोकारवाला तहहरुसंग समन्वय गरि विपद, जोखिम न्यूनीकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

२७. भू-कम्पबाट हुनसक्ने सम्भाव्य क्षतिलाई न्यूनिकरण गर्न भवन निर्माण सम्बन्धि राष्ट्रिय मापदण्ड २०७२ मा आधारित रहि यस कार्यालयबाट तयार भएको परिमार्जित भवन निर्माण सम्बन्धि मापदण्ड चालु आ.व.देखि नै लागू गरिनेछ ।

**उपस्थित महिला तथा सज्जनबृन्द,**

अब म चालु आ.व. २०७४/०७५ को अनुमानित आय-व्यय प्रस्तुत गर्न चाहन्छु । चालु आर्थिक वर्षका लागि वित्तिय परिचालन र खर्च अनुमान गर्दा वित्त सन्तुलन कायम गर्ने उद्देश्य लिई सो अनुरुप कार्यक्रमहरु तर्जुमा गरी वडा तथा, गाउँपालिकास्तरमा अनुसूची १, २, ३, ४, ५, ५ र ६ बमोजिम विभिन्न शिर्षक र क्षेत्र (भौतिक पूर्वाधार विकास, सामाजिक विकास, शिक्षा, स्वास्थ, कृषि, पशु यातायात, सडक आदि) अनुसार रकम विनियोजन गरेको छु ।

**आय**

यस आ.व. २०७४।०७५ असार मसान्त सम्मको आन्तरिक आय रु.२०,०८,०००।- (अक्षरेपी बीस लाख आठ हजार मात्र), नेपाल सरकारबाट गाउँपालिका अनुदान रु.२२,०४,८०,०००।- (अक्षरेपी बाइस करोड चार लाख असी हजार मात्र) र बाह्य श्रोत गरी जम्मा रु.२२,२४,८८,०००/- (अक्षरेपी बाइस करोड चौबीस लाख अठासी हजार मात्र) प्रस्तावित अनुमानित आय को लक्ष्य राखिएको छ ।

**व्यय**

यसैगरी व्यय तर्फ यस आ.व. २०७४।०७५ को लागि साधारण खर्च तर्फ रु. ४,०६,४७,२५०/-(अक्षरेपी चार करोड छ लाख सतचालिस हजार दुईसय पचास मात्र), सशर्त तर्फ रु. ५,७८,९१,०००/-(अक्षरेपी पाँच करोड अठहत्तर लाख एकानव्वे हजार मात्र) र पुँजीगत तर्फ रु. १२,१९,४१,७५०/-(अक्षरेपी बार्ह करोड उन्नाइस लाख एकचालीस हजार सात सय पचास मात्र) गरी जम्मा रु.२२,२४,८८,०००/- (अक्षरेपी बाइस करोड चौबीस लाख अठासी हजार मात्र) अनुमानित खर्च प्रस्ताव गरेको छु ।

अन्तमा,

हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस समारोहमा पाल्नु हुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, सांसदज्यूहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, कार्यालय प्रमुखज्यूहरु, गैरसरकारी संघ संस्था तथा सामाजिक क्षेत्रकाविशिष्ट व्यक्तित्वहरु, नागरिक समाजका अगुवाज्यूहरु, बुद्धिजिवी, उद्योगपति, व्यापारी, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी, निजी तथा व्यावसायिक क्षेत्र र सम्पूर्ण गाउँवासीहरु प्रति म हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस समारोहमा यहाँहरुले सक्रिय सहभागिता जनाई सभाको गरिमा बढाईदिनु भएकोमा धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु । धन्यवाद !

.........................

श्री कृष्णप्रसाद वर्मा
गाउँपालिका अध्यक्ष
रामनगर गाउँपालिका, सर्लाही
२ नं. प्रदेश, नेपाल
२०७४/पुष/१४गते

## अनुसूची १

| वडा नं. १ मा आ.व. २०७४/०७५ मा संचालन हुने वडास्तरीय योजनाहरु (संशोधित) | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **योजना, कार्यक्रम तथा क्रियाकलापहरु** | **श्रोत** | **ख.शि.नं.** | **स्वीकृत बजेट** |
| १ | साविक वडा नं. ४ र साविक वडा नं. ६ मा कल्भर्ट निर्माण | गा.पा. स.कोष | ३११५१ | १७,००,००० |
| २ | साविक वडा नं. ४ र ५ कल्भर्ट बन्ने स्थानमा माटो तथा ग्रेभल | " " | ३११५१ | ५,००,००० |
| ३ | वडा कार्यालय देखि मोहन सहनीको घरसम्म माटो तथा ग्रेभल | " " | ३११५१ | ५,००,००० |
| ४ | हिरमत नगर मेन रोड देखि राम स्वगारत दासको घरसम्म माटो तथा ग्रेभल | " " | ३११५१ | १,००,००० |
| ५ | ग्राभेल साविक वडा नं.१ देखि ७ सम्म (गोरेटो बाटोमा मात्र) | " " | ३११५१ | १२,००,००० |
| ६ | विजुली ठाकुरको घरदेखि रामापत रायको घरसम्म माटो तथा ग्रेभल | " " | ३११५१ | ३,००,००० |
| ७ | भगवती मन्दिरको कम्पाउण्ड वाल निर्माण | " " | ३१११२ | ३,००,००० |
| ८ | ठाउँ ठाउँको बाटो मर्मत (मटोबाट) | " " | ३११५१ | १,००,००० |
| ९ | विशवस चौधरीको घरदेखि लालबाबु मिश्रको घरसम्म माटो तथा ग्रेभल | " " | ३११५१ | ५,००,००० |
| १० | बौधी माता मंन्दिर साविक खैर्वा वडा नं ५ र ६ को मर्मत तथा गेट निर्माणको लागि | " " | ३१११३ | ३,००,००० |
| ११ | साविक वडा नं ५ र ६ को धर्मसालाको मर्मत | " " | ३१११३ | ५,००,००० |
| १२ | मनोज यादबको घर देखी महेन्द्र ततमा को घर सम्म बाटो मर्मत तथा ग्रेभल | " " | ३११५१ | ३,००,००० |
| १३ | विविध खर्च | " " | २२७११ | १,००,००० |
| १४ | शौचालय निर्माणको लागि | " " | ३१११२ | ३०,००,००० |
| १५ | लक्षित वर्गको लागि | " " | २७२१० | १३,००,००० |
| १६ | खुला दिशामुक्त घोषणा कार्यक्रम | " " | २२५१२ | ३,००,००० |
| १७ | वडा कार्यालय संचालनको लागी | " " | २२३११ | ५,००,००० |
| १८ | वडा कार्यालय मर्मतको लागि | " " | २२२३१ | ७,००,००० |
| १९ | विपद व्यवस्थापन | " " | २७२१२ | २,००,००० |
| | **कुल जम्मा** | | | **१,२४,००,०००** |

| वडा नं. २ मा आ.व. २०७४/०७५ मा संचालन हुने वडास्तरीय योजनाहरु (संशोधित) | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **योजना, कार्यक्रम तथा क्रियाकलापहरु** | **श्रोत** | **ख.शि.नं.** | **स्वीकृत बजेट** |
| १ | सुरेश साहको घरदेखि सहक्षे रायको घरसम्म ढलान | गा.पा. स.कोष | ३११५१ | ४०,००,००० |
| २ | नरेश साहको घरदेखि नन्दु बैठाको घर दक्षिण हुंदै मनुष्मारा नदिसम्म दुवै तर्फ नाला निर्माणको लागि | " " | ३११५१ | १३,००,००० |
| ३ | रामप्रतापको घरदेखि छरकी सम्म माटो तथा ग्राभेल कार्यकोलागि | " " | ३११५१ | १०,००,००० |
| ४ | विद्युतीकरण कार्यमा | " " | ३११५३ | ३,००,००० |
| ५ | बांध देखि प्रा.वि. ९ सम्मको मोडमा कल्भर्ट तथा ग्राभेल कार्यकोलागि | " " | ३११५१ | १०,००,००० |
| ६ | बाजार व्यवस्थापनको लागि | " " | | १५,००,००० |
| ७ | दिशा मुक्त कार्यक्रमको लागि | " " | ३११५८ | १०,००,००० |
| ८ | खुल्ला दिशामुक्त घोषणा कार्यक्रमका लागि | " " | २२५१२ | ३,००,००० |
| ९ | लक्षित समुहको लागि | " " | २७२१० | १५,००,००० |
| १० | वडा कार्यालय व्यवस्थापनको लागि | " " | २२३११ | ५,००,००० |
| | **कुल जम्मा** | | | **१,२४,००,०००** |

| वडा नं. ३ मा आ.व. २०७४/०७५ मा संचालन हुने वडास्तरीय योजनाहरु (संशोधित) | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **योजना, कार्यक्रम तथा क्रियाकलापहरु** | **श्रोत** | **ख.शि.नं.** | **स्वीकृत बजेट** |
| १ | नागेन्द्र दासको घरदेखि दर्शन दासको घरसम्म माटो तथा ग्राभेल कार्यको लागि | गा.पा. स.कोष | ३११५१ | १०,००,००० |
| २ | अजय सहनीको घर देखि उत्तर जाने सडक गढीमाईको मन्दिरसम्म माटो पुर्ने | " " | ३११५१ | ५०,००० |
| ३ | खोभारी महराको घरदेखि दशै महराको घर हुंदै तेजा महराको घर सम्म ढलान कार्यको लागि | " " | ३११५१ | ३,२५,००० |
| ४ | रामप्रवेश साहको घरदेखि बिन्देश्वर चौधरीको घर हुंदै पूर्व तर्फ सडकमा माटो राखी ५ ठाउंमा कल्भर्ट निर्माणको लागि | " " | ३११५१ | १९,६०,००० |
| ५ | पोल पोलमा बत्ती जडान कार्यको लागि | " " | ३११५३ | १,००,००० |
| ६ | रामचन्द्रमहराको घर देखि गगनदेव रायको खलिहान, तथा चटिया वाबाको मठ देखि चनरदेव सिंहको फुलवारी सम्म नहर मर्मतको लागि | " " | ३११५५ | २,००,००० |
| ७ | लोरपोछन मिश्रको घरदेखि किशोरी सहनीको घर सम्म बाटो ढलान | " " | ३११५१ | ७,००,००० |
| ८ | बिरेन्द्र साहको घर देखि लखन साहको घर सम्म ग्राभेल गर्न तथा कल्भर्ट निमाणको लागि | " " | ३११५१ | ३,७५,००० |
| ९ | दिनेश सहनीको घर देखि राम पदार्थ रायको घर सम्म माटो तथा ग्राभेलको लागि | " " | ३११५१ | ५०,००० |
| १० | महावीर चौक देखि अजय मण्डलको घर हुंदै वृन्दावन दासको जग्गा सम्म माटो तथा ग्राभेलको लागि | " " | ३११५१ | ९,७५,००० |
| ११ | घुरन दासको घरदेखि मनोज सिंहको खरिहान सम्म सडकमा माटो,ग्राभेल तथा पक्की ढलानको लागि | " " | ३११५१ | १४,००,००० |
| १२ | चर्पी निर्माणको लागि रिंग, सिट, पाइप | " " | ३११५८ | २०,५०,००० |
| १३ | श्री त.ज.मा.वि.को चौरमा माटो पुर्ने कार्यको लागि | " " | २५३११ | ५,००,००० |
| १४ | श्री त.ज.मा.वि.को पुरानो फर्निचर मर्मत | " " | २५३११ | १,६५,००० |
| १५ | खुल्ला दिशामुक्त कार्यक्रम | " " | २२५१२ | ५,५०,००० |
| १६ | लक्षित समुहको लागि | " " | २७२१० | १३,५०,००० |
| १७ | कार्यालय व्यवस्थापनको लागि | " " | २२३११ | ५,००,००० |
| १८ | विपद व्यवस्थापन | " " | २७२१२ | १,५०,००० |
| | **कुल जम्मा** | | | **१,२४,००,०००** |

| वडा नं. ४ मा आ.व. २०७४/०७५ मा संचालन हुने वडास्तरीय योजनाहरु (संशोधित) | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **योजना, कार्यक्रम तथा क्रियाकलापहरु** | **श्रोत** | **ख.शि.नं.** | **स्वीकृत बजेट** |
| १ | पुरानो गा.वि.स.भवन नजिक रहेको ऐलानी पर्तीमा माटो पुर्नको लागि | गा.पा. स.कोष | ३१११४ | १५,००,००० |
| २ | विभिन्न ठाउं ठाउंमा पोल खरिद गरि तार जडानको लागि | " " | ३११५३ | ५,००,००० |
| ३ | सुखल बैठाको घरदेखि हुसेनी बैठाको घरसम्म र रामविनय बैठाको घरदेखि केशव सिंहको घर सम्म पक्की ढलान गर्नको लागि | " " | ३११५१ | २५,००,००० |
| ४ | पोल पोलमा बत्ती जडानको लागि | " " | ३११५३ | १,५०,००० |
| ५ | गजेन्द्र राउतको घरदेखि अरविन्द राउतको घरसम्म सडकमा माटो राखी एक ठाउंमा कल्भर्ट निर्माणकोलागि | " " | ३११५१ | १,५०,००० |
| ६ | सुनिल शर्माको घरदेखि मुना शर्माको घरसम्म सडकमा ग्राभेल तथा पक्की ढलानको लागि | " " | ३११५१ | ८,००,००० |
| ७ | मेन सडकदेखि बिष्णु चौधरीको घरसम्म सडकमा माटो तथा ग्राभेलको लागि | " " | ३११५१ | २,००,००० |
| ८ | मुल सडक देखि शिवशंकर पाण्डेको घरसम्म बाटो मर्मत तथा घर ढलान | " " | ३११५१ | ५,५०,००० |
| ९ | उपेन्द्र रायको खोप देखि पासो साहको घर सम्म ढलान | " " | ३११५१ | १,५०,००० |
| १० | विभिन्न ठाउँठाउँमा सडक मर्मत | " " | ३११५१ | २,००,००० |
| ११ | लक्षित समुहको लागि | " " | २७२१० | १३,००,००० |
| १२ | खानेपानी चप्पा कल वितरणको लागि | " " | ३११५६ | ४,००,००० |
| १३ | खुल्ला दिशा मुक्त घोषणाको लागि | " " | २२५१२ | ३,००,००० |
| १४ | सामुदायिक प्रा.वि. धोबीटोललाई शिक्षक व्यवस्थापन अनुदान रकम | " " | २५३११ | ३,२५,००० |
| १५ | चर्पी निर्माणको लागि ( रिङ वितरणको लागि) | " " | ३११५८ | २३,००,००० |
| १६ | कार्यालय व्यवस्थापनको लागि | " " | २२३११ | ८,२५,००० |
| १७ | विपद व्यवस्थापन | " " | २७२१२ | २,५०,००० |
| | **कुल जम्मा** | | | **१,२४,००,०००** |

| वडा नं. ५ मा आ.व. २०७४/०७५ मा संचालन हुने वडास्तरीय योजनाहरु (संशोधित) | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **योजना, कार्यक्रम तथा क्रियाकलापहरु** | **श्रोत** | **ख.शि.नं.** | **स्वीकृत बजेट** |
| १ | अधुरो गा.वि.स.भवनलाई प्लास्टर,जमिन ढलान,छत प्लास्टर झ्यालढोकाको साथै मेन गेट र ग्रील कार्यको लागि | गा.पा. स.कोष | ३१११३ | ६,००,००० |
| २ | नर्सरीदेखि हुलाकी रोड सम्म माटो तथा ग्राभेल गर्न ( १८ फिट चौडाई) | ” ” | ३११५१ | ७,००,००० |
| ३ | हुलाकी रोड देखि उच्च मा.वि.स्कूलको बाटो र साविक वडा नं.२ विजय पासवानको घरसम्म माटो तथा ग्राभेलकोलागि | ” ” | ३११५१ | २,००,००० |
| ४ | राजदेव रायको घरदेखि पूर्व जाने बाटो हुलाकी रोड सम्म नयां नाला निर्माण कार्यकोलागि | ” ” | ३११५८ | ४,००,००० |
| ५ | चन्देश्वर रायको घरदेखि हुलाकी सडकसम्म र रामबाबु राय (नेताजीको) घरसम्म बाटो पक्की ढलान गर्न | ” ” | ३११५१ | ८,००,००० |
| ६ | साविक वार्ड नं. १ नं. मा विद्युत तार जडान तथा प्रत्येक पोलमा बल्व जडानको लागि | ” ” | ३११५३ | १,०५,००० |
| ७ | मा.शिवपुजन रायको घरदेखि दक्षिण जाने बाटोमा पक्की ढलान कार्य | ” ” | ३११५१ | २०,००,००० |
| ८ | प्रा.वि.बिर्ता स्कूल अगडी रहेको अध्रो वाटो पुरा गर्ने कार्य को लागि | ” ” | ३११५१ | ५,००,००० |
| ९ | पश्चिम टोलको स्कूल देखि नहर सम्म जाने बाटोमा माटो तथा ग्राभेलको लागि | ” ” | ३११५१ | ५,००,००० |
| १० | शिवलाल रायको घरदेखि नहर सम्म बाटो मर्मत र ग्राभेलको लागि | ” ” | ३११५१ | ३,००,००० |
| ११ | हुलाकी रोड देखि पुर्वजाने बाटो नहरसम्म नयां बाटो निर्माण कार्यको लागि | ” ” | ३११५१ | ३,००,००० |
| १२ | भोलाबाबाको मन्दिर नजदिक पुरानो लच्काकोलागि | ” ” | ३११५१ | ३५,००० |
| १३ | राजेन्द्र मास्टर साहेवको घरदेखि पुरानो सडकसम्म माटो तथा ग्राभेलको लागि | ” ” | ३११५१ | ३,६०,००० |
| १४ | भोलाबाबाको प्रांगणमा कम्पाउण्डवाल र राजदेवी मन्दिरको छत निर्माण र पार्वतीजीको मुर्ती खरिद गर्न तथा पेण्टिङ कार्यको साथै उक्त ठाउंमा सोलार जडान कार्यको लागि | ” ” | ३१११३ | १३,००,००० |
| १५ | लक्षित वर्गको लागि | ” ” | २७२१० | १४,००,००० |
| १६ | खुल्ला दिशा मुक्तको लागि | ” ” | ३११५८ | २२,००,००० |
| १७ | खुल्ला दिशा मुक्त घोषणा कार्यक्रमको लागि | ” ” | २२५१२ | ३,००,००० |
| १८ | कार्यालय व्यवस्थापनको लागि | ” ” | २२३११ | ३,४०,००० |
| १९ | योजना छनौट कार्यक्रममा भएको चिया नास्ता तथा अन्य व्यवस्थापनको लागि | ” ” | २२५१२ | ६०,००० |
| | **कुल जम्मा** | | | **१,२४,००,०००** |

| वडा नं. ६ मा आ.व. २०७४/०७५ मा संचालन हुने वडास्तरीय योजनाहरु (संशोधित) | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **योजना, कार्यक्रम तथा क्रियाकलापहरु** | **श्रोत** | **ख.शि.नं.** | **स्वीकृत बजेट** |
| १ | पांचु रायको घरदेखि नहर सम्म सडक मर्मत र ढलान | गा.पा. स.कोष | ३११५१ | ४,००,००० |
| २ | रामबाबु रायको घरदेखि मोहित रायको घर सम्म बाटो ग्राभेल | " " | ३११५१ | २,००,००० |
| ३ | शशिनाथ झाको घरदेखि प्रदिप साहको घर सम्म सडक मर्मत तथा ढलानको लागि | " " | ३११५१ | ५,००,००० |
| ४ | अवधेश झाको घरदेखि सडक मर्मत तथा पक्की ढलानको लागि | " " | ३११५१ | २,००,००० |
| ५ | बैजनाथ सिंहको घर देखि रामपुकार झाको घर सम्म सडक मर्मत तथा ढलान कार्यको लागि | " " | ३११५१ | ३,००,००० |
| ६ | शिवालक साहको घर देखि तपेसर महतोको घर सम्म बाटो मर्मत तथा ढलानको लागि | " " | ३११५१ | ३,००,००० |
| ७ | बाजार देखि दक्षिण जाने सडक मुल सम्म सडक मर्मत तथा ग्राभेल | " " | ३११५१ | ३,५०,००० |
| ८ | तत्मा टोलको धर्मशाला निर्माणको लागि | " " | ३१११२ | ५,००,००० |
| ९ | डोमको घर देखि पूर्व मुल सडक सम्म र विभिन्न ठाउंमा सडक मर्मत तथा ढलान को लागि | " " | ३११५१ | ६,००,००० |
| १० | साविक सिसौट वडा नं.१ र ३ को धर्मशाला निर्माण कार्यको लागि | " " | ३१११३ | २,००,००० |
| ११ | सिसौट वडा नं.६ मा मेलमिलाप कार्यालयलाई मर्मत तथा रंगरोगनको लागि | " " | २२२३१ | २,००,००० |
| १२ | सिसौट वडा न.६ मा सडक ढलान ( मदन सिंहको घर देखि ब्रम्ह स्थान सम्म) | " " | ३११५१ | १०,००,००० |
| १३ | सिसौट बाजारमा निर्माणमा सार्वजनिक शौचालय निर्माणको लागि | " " | ३११५८ | ७,४०,००० |
| १४ | गत आ.व.मा भएको शौचालय निर्माण कार्यक्रमको भुक्तानी दिनु पर्ने | " " | ३११५८ | ६,००,००० |
| १५ | विद्युतिय करण | " " | ३११५३ | ४,००,००० |
| १६ | मनुस्मारा नदीमा झोलुडे पुल निर्माणमा सहयोग | " " | ३११५१ | ४,००,००० |
| १७ | सिसौट प्रहरी चौकीको कम्पाउण्ड वाल निर्माण | " " | ३१११२ | ५,००,००० |
| १८ | विभिन्न स्थानमा खाल्डा खूल्डी सडक मर्मत | " " | २२२३१ | १,००,००० |
| १९ | जनचेतना कार्यक्रम तथा लक्षित समुहको लागि | " " | २७२१० | १४,००,००० |
| २० | बागमती मा.वि.लाई संचालनको लागि अनुदान | " " | २५३११ | १०,००,००० |
| २१ | राम जानकी मन्दिर मलघटाको भवन निर्माणको लागि | " " | ३१११२ | १०,००,००० |
| २२ | बाजार व्यवस्थापनको लागि (सिसौट) | " " | | १०,००,००० |
| २३ | कार्यालय व्यवस्थापन | " " | २२३११ | ५,००,००० |
| २४ | वडा कार्यालयको लागि साईकल खरिद | " " | ३११२१ | १०,००० |
| | **कुल जम्मा** | | | **१,२४,००,०००** |

| वडा नं. ७ मा आ.व. २०७४/०७५ मा संचालन हुने वडास्तरीय योजनाहरु (संशोधित) | | | | |
|---|---|---|---|---|
| सि.नं. | योजना, कार्यक्रम तथा क्रियाकलापहरु | श्रोत | ख.शि.नं. | स्वीकृत बजेट |
| १ | ट्रान्सफर्मर देखि समत सम्म सडक मर्मत तथा ढलान कार्यको लागि | गा.पा. स.कोष | ३११५१ | ७,००,००० |
| २ | साविक वडा ४ र ५ को नदी पारी विद्युतीकरण कार्यको लागि | " " | ३११५३ | ७,००,००० |
| ३ | बैद्यनाथ साहको घर देखि भगवती मन्दिर हुंदै मुल सडक सम्मको बाटो मर्मत तथा ढलान | " " | ३११५१ | ७,००,००० |
| ४ | जामुन साहको घर देखि महेश बैठाको घर सम्म बाटो मर्मत तथा ढलानको लागि | " " | ३११५१ | ७,००,००० |
| ५ | गणेश ठाकुरको घर देखि जुग्ती बैठाको घर सम्म बाटो मर्मत तथा ढलानको लागि | " " | ३११५१ | ४,५०,००० |
| ६ | वेचन दासको घर देखि राजकिसोर साहको घर सम्म सडक मर्मत तथा ढलान | " " | ३११५१ | ५,००,००० |
| ७ | बिन्देश्वर महराको घरदेखि दशै महराको घर सम्म बाटो मर्मत तथा ढलान | " " | ३११५१ | ३,००,००० |
| ८ | बालकेशर दासको घर देखि रामनारायण साहको घर हुदै शंकर साहको घरसम्म बाटो मर्मत तथा ग्राभेल | " " | ३११५१ | ४,००,००० |
| ९ | शुसिल शुक्लाको जग्गा देखि मुसलमान टोल हुंदै शबिर खांको घर सम्म सडक मर्मत तथा ढलानको लागि | " " | ३११५१ | ४,००,००० |
| १० | चमार टोल देखि विभिन्न ठाउंमा विद्युतीकरण कार्यको लागि | " " | ३११५३ | ४,५०,००० |
| ११ | साविक वडा १ को धर्मशाला निर्माणको लागि | " " | ३१११२ | २,००,००० |
| १२ | सम्मत देखि रुपलाल राउतको घरसम्म बाटो मर्मत तथा ढलान र ग्राभेल | " " | ३११५१ | ३,००,००० |
| १३ | दुसाध टोल साविक वडा नं.१ मा धर्मशाला निर्माणको लागि | " " | ३१११२ | ३,००,००० |
| १४ | विभिन्न ठाउमा विद्युतीय करण | " " | ३११५३ | २,००,००० |
| १५ | गत आ.व.मा भएको शौचालय निर्माण कार्यक्रमको भुक्तानी दिनु पर्ने | " " | ३११५८ | ३,००,००० |
| १६ | मनुष्मारा नदीमा लचका निर्माण | " " | ३११५१ | ७०,००० |
| १७ | विभिन्न ठाउको बाटो मर्मत | " " | | १,३०,००० |
| १८ | मनुष्मारा प्रा.वि.को भवन तथा कम्पाउण्ड वाल निर्माणको लागि | " " | ३१११२ | १०,००,००० |
| १९ | मदरसा निर्माणको लागि | " " | ३१११२ | ६,००,००० |

| | | | | |
|---|---|---|---|---|
| २० | उद्यमी संघ संस्थाहरुको लागि जनचेतना तथा शिपमूलक तालिमको लागि | " " | २२५१२ | ५,००,००० |
| २१ | साविक वडा नं.१ मा रहेको भगवती मन्दिरको मर्मत तथा कम्पाउण्डवाल निर्माण,रंगरोगन प्लास्टर र माटो पुर्ने चौतारा निर्माणको लागि | " " | २२२३१ | ५,००,००० |
| २२ | सलेश मन्दिर निर्माण कायैको लागि | " " | ३१११२ | २,००,००० |
| २३ | लक्षित समुहको लागि | " " | २७२१० | १५,००,००० |
| २४ | प्रहरी चौकी भवन निर्माणको लागि | " " | ३१११२ | ५,००,००० |
| २५ | कार्यालय संचालनको लागि | " " | २२३११ | ६,५०,००० |
| २६ | विविध खर्च र (टि भि.) | " " | | १,५०,००० |
| | **कुल जम्मा** | | | **१,२४,००,०००** |

अनुसूची २

| गाउँपालिका उपाध्यक्षद्वारा प्रस्तावित<br>आ.व. २०७४/०७५ मा संचालन हुने गाउँपालिका स्तरीय योजनाहरु (संशोधित) | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **योजना, कार्यक्रम तथा क्रियाकलापहरु** | **श्रोत** | **ख.शि.नं.** | **स्वीकृत बजेट** |
| १ | नरेश साहको घर देखी हरिचन्द्र सहनीको घरसम्म माटो र ग्राभेल | गा.पा. स.कोष | ३११५१ | १८,००,००० |
| २ | प्राथमिक विद्यालय धुर्वाको कम्पाउन्ड वाल निर्माण | " " | ३१११२ | १०,००,००० |
| ३ | प्राथमिक विद्यालय धुर्वाको फिल्डमा माटोको काम | " " | २५३११ | २,००,००० |
| ४ | धुर्वाटोलमा माटो र ग्राभेलको काम | " " | ३११५१ | १०,००,००० |
| ५ | रामजानकी मठको प्लास्टर र रंग रोगन | " " | २२२३१ | २,००,००० |
| ६ | सिसौट मेलमिलाप केन्द्र | " " | २५३१५ | २,००,००० |
| ७ | मनष्मारको पूर्वी बाँधदेखी विर्ता टोलसम्म ग्रभेलको काम | " " | ३११५१ | १०,००,००० |
| ८ | साविक रामनगर वहुअर्वा ८ मा ढलान | " " | ३११५१ | १३,००,००० |
| ९ | शौचालय निर्माणको लागि रिंग वितरण | " " | ३११५८ | १२,००,००० |
| १० | भिलेज प्रोफाइल निर्माण | " " | ३११७२ | ९,००,००० |
| ११ | मनुष्यमारा नदीमा लचका निर्माण | " " | ३११५१ | १,००,००० |
| १२ | विविध | " " | २२७११ | ५,००,००० |
| | **कुल जम्मा** | | | **९४,००,०००** |

## अनुसूची ३

**गाउँपालिका अध्यक्षद्वारा प्रस्तावित**

**आ.व. २०७४/०७५ मा संचालन हुने गाउँपालिका स्तरीय योजनाहरु (संशोधित)**

| सि.नं. | योजना, कार्यक्रम तथा क्रियाकलापहरु | श्रोत | ख.शि.नं. | स्वीकृत बजेट |
|---|---|---|---|---|
| १ | खैर्वा वजार देखी कृष्ण प्रसाद वर्माको घरसम्म ढलान | गा.पा. स.कोष | ३११५१ | १५,००,००० |
| २ | प्रहरी चौकी खैर्वा | " " | २५३१५ | १०,००,००० |
| ३ | प्रहरी चौकी सिसौट | " " | २५३१५ | ५,००,००० |
| ४ | शसस्त्र प्रहरी चौकी छतौना | " " | २५३१५ | ५,२५,००० |
| ५ | सिसौट ग्रभेल र ढलान | " " | ३११५१ | १३,५०,००० |
| ६ | इनर्वाटोल ढलान सडक देखि तिवरीजीको घर सम्म | " " | ३११५१ | ३७,००,००० |
| ७ | बहुक्षेत्रीय पोषण कार्यक्रम | " " | २२५१२ | १६,०७,००० |
| ८ | रामनगर गाउँपालिका विजुली | " " | ३११५३ | १५,००,००० |
| ९ | ओ डि एफ | " " | २२५१२ | ५,००,००० |
| १० | लक्षित वर्गको कार्यक्रम | " " | २७२१० | २०,००,००० |
| ११ | जमुना लाल गुरुजीको घर देखी महादेवस्थानसम्म बाटो मर्मत तथा ग्रेभेल | " " | ३११५१ | १५,००,००० |
| १२ | औषधी खरीद (स्वास्थ्य तर्फ) | " " | २२५२१ | ४,५०,००० |
| १३ | कृषितर्फ | " " | २२५२१ | ७,५०,००० |
| १४ | आयुर्वेद तर्फ | " " | २२५२१ | ३,००,००० |
| १५ | सलहेश मन्दिर निर्माण | " " | ३१११२ | ३,००,००० |
| १६ | हिरमत प्रा.वि. र रामनारायण प्रा.वि. शिक्षक व्यवस्थापन अनुदान | " " | २५३११ | २,५०,००० |
| १७ | भैपरी तथा विपद व्यवस्थापन | " " | २७२१२ | १४,२४,७५० |
| | **कुल जम्मा** | | | **१,९१,५६,७५०** |

अनुसूची ४

| शिक्षा तर्फ वितिय समानिकरण अनुदानवाट विनियोजित आ.व. २०७४/०७५ मा संचालन हुने गाउँपालिका स्तरीय शैक्षिक योजनाहरु (संशोधित) | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **योजना, कार्यक्रम तथा क्रियाकलापहरु** | **श्रोत** | **ख.शि.नं.** | **स्वीकृत बजेट** |
| १ | वालमैत्री कक्षा तथा शैक्षिक सामाग्री व्यवस्थापन | गा.पा. स.कोष | २५३११ | २८,००,००० |
| २ | दरबन्दी नभएका तथा न्यून वा कम दरबन्दी भएका विद्यालयलाई शिक्षक व्यवस्थापन अनुदान | " " | २५३११ | २८,५०,००० |
| ३ | कम्प्यूटर कक्षा व्यवस्थापन | " " | २५३११ | १०,००,००० |
| ४ | गाउँ स्तरीय अतिरिक्त क्रियाकलाप, छात्रवृति तथा पुरस्कार | " " | २२५२२ | १,००,००० |
| ५ | स्रोतकेन्द्रको लागि कम्प्यूटर , प्रिन्टर तथा फर्निचर खरिद | " " | ३११२२ | १,००,००० |
| ६ | खेलकुद विकास तथा विद्यालय स्तरीय खेलकुद कार्यक्रम | " " | २२५२२ | ४,५०,००० |
| ७ | तथ्यांक व्यवस्थापन तथा शैक्षिक क्यालेन्डर निर्माण | " " | २२३१५ | ७५,००० |
| ८ | विद्यालय सञ्चालन र व्यवस्थापन तालिम (विद्यलय सहायक र प्र.अ.) | " " | २२५२२ | ६०,००० |
| ९ | शिक्षक तालिम (वालविकास , आधारभुत र माध्यमिक) | " " | २२५२२ | १,५०,००० |
| १० | गाउँ शिक्षा योजना निर्माण र प्रवोधिकरण | " " | २२५२२ | ८०,००० |
| ११ | शैक्षिक मुद्दाकासवालामा अन्तरक्रिया , जनचेतना , रेडियो कार्यक्रम | " " | २२५२२ | १,५०,००० |
| १२ | इन्धन , यातायात तथा अनुगमन, भ्रमण | " " | २२६१० | १,००,००० |
| १३ | श्रोतव्यत्तिले सञ्चालन गर्ने सरोकारवालाहरुको वैठकका लागि खाना तथा खाजा खर्च | " " | २२७११ | ६०,००० |
| १४ | साक्षरता कक्षा सञ्चालन तथा साक्षर वडा घोषणा | " " | २२५२२ | ४,२५,००० |
| १५ | स्थानिय पाठ्यक्रम निर्माण तथा प्रवोधिकरण | " " | ३११७२ | १,१३,००० |
| | **कुल जम्मा** | | | **८५,१३,०००** |

## अनुसूची ५

**चालु खर्च**

**वित्तिय समान्यीकरणको रू. १६,२५,८९,०००।०० मध्ये २५ प्रतिशतवाट छुट्याइएको चालु खर्चको रकम रू. ४,०६,४७,२५०।०० को खर्च गर्ने अख्तियारी।**

| सि.नं. | योजना, कार्यक्रम तथा क्रियाकलापहरु | श्रोत | ख.शि.नं. | स्वीकृत बजेट |
|---|---|---|---|---|
| १ | स्थानिय तहको कर्मचारी तलब | गा.पा. स.कोष | २१११११ | २,९८,००,२५० |
| २ | गा.पा. अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष भत्ता | " " | २१११२ | २४,००,००० |
| ३ | कार्यक्रम र भ्रमण खर्च | " " | २२६१२ | ११,००,००० |
| ४ | इन्धन | " " | २२२१२ | ६,००,००० |
| ५ | सञ्चार | " " | २२२१२ | १,५०,००० |
| ६ | सेवा परामर्श | " " | २२४११ | ३,००,००० |
| ७ | घर भाडा | " " | २८१४२ | ६,००,००० |
| ८ | अन्य भत्ता (तालिम) | " " | २२५१२ | ८,००,००० |
| ९ | कार्यालय सञ्चालन | " " | २२३११ | १६,००,००० |
| १० | विविध | " " | २२७११ | ६,००,००० |
| ११ | मर्मत सम्भार | " " | २२२३१ | ३,९७,००० |
| १२ | पानी तथा विजुली | " " | २२१११ | ५०,००० |
| १३ | सरुवा भ्रमण खर्च | " " | २२६१२ | १,५०,००० |
| १४ | अनुगमन मुल्यांकन | " " | २२६११ | ८,००,००० |
| १५ | गाउसभा सञ्चालन खर्च | " " | | ९,००,००० |
| १६ | अन्य सेवा | " " | २२७११ | ४,००,००० |
| | **कुल जम्मा** | | | **४,०६,४७,२५०** |

## अनुसूची ६

विभिन्न विषयगत शाखाको सशर्त अनुदान

सम्बन्धित संघिय मन्त्रालयले तोकेको नर्मस अनुसार हुनेछ।